जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

❋ वर्ष : ४ ❋ अंक : २२ ❋ २०८३ साल बैशाख २५ गते, शुक्रबार ❋ Friday, May.– 08 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## रातको अँध्यारोमा सीमा पार, तस्करको सुरक्षित मार्ग बन्यो बारा पर्सा रौतहट नाका



**२४, भैशाख, कलैया।**
बारा जिल्लाको दक्षिणी सीमावर्ती क्षेत्रमा पछिल्लो समय लागूऔषध, हुण्डी तथा विभिन्न अवैध मालसामानको तस्करी तीव्र रूपमा बढ्दै गएको सिमापारि पक्राउ गरिएका भिडियो र प्रहरी तथ्यांकले स्थानीयवासीको आरिपलाई थप बल दिईएको छ। सुरक्षा निकायले सीमामा कडाइ गरिएको दाबी गरिरहे पनि व्यवहारमा भने तस्करी नियन्त्रणभन्दा बाहिर गएको स्थानीयको भनाइ छ। विशेषगरी सिम्रौनगढ क्षेत्र अहिले लागूऔषध कारोबार गर्ने गिरोहका लागि सहज मार्गका रूपमा प्रयोग हुन थालेको आरोप छ।

हालै नेपाल-भारत सीमाक्षेत्र अगरवा नजिक भारतीय सीमा सुरक्षा बल (एसएसबी) र जितना थाना प्रहरीको संयुक्त टोलीले नेपाली रुपैयाँ दुई लाखसहित भारतीय नागरिक कृष्ण देव राय लाई नियन्त्रणमा लिएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्। प्रारम्भिक अनुसन्धानमा उक्त रकम हुण्डी कारोबारसँग सम्बन्धित हुन सक्ने आशंका गरिएको बताइएको छ।

त्यसैगरी नेपालबाट भारततर्फ लगिएको लागूऔषध अफिम भारतीय प्रहरीद्वारा भारतको घोडासहन क्षेत्रमा बरामद गरिएको छ। भारतीय प्रहरीले एक किलो ४ सय ८० ग्राम अफिमसहित एक महिलालाई पक्राउ गरेको जनाएको छ। सो अफिम सिम्रौनगढबाट लगेको अनुसन्धानबाट खुलेको छ। सिम्रौनगढ गाँजा अफिमको हटस्पट बनेको छ। पछिल्लो समय सीमावर्ती क्षेत्र हुँदै गाँजा, अफिम तथा अन्य

बाँकी तेस्रो पृष्ठमा

## पोखरा विमानस्थलमा पूर्वमन्त्री कार्कीसहित १४ जनाविरुद्ध ३ अर्ब ६२ करोडको भ्रष्टाचार मुद्दा

**काठमाडौं, २४ वैशाख।**
पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भएको आर्थिक अनियमितताको आरोपमा पूर्वमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसहित १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरिएको छ।

अब पोखरा विमानस्थल निर्माणमा भएको भ्रष्टाचार प्रकरणमा जोडिने पूर्वमन्त्रीहरूको संख्या ६ पुगेको छ।

यसअघि गत वर्ष मंसिरमा अख्तियारले तत्कालीन पाँच जना मन्त्रीसहितलाई विपक्षी बनाएर मुद्दा दर्ता गरेको थियो। तत्कालीन मन्त्रीहरू भीम आचार्य, रामकुमार श्रेष्ठ, दीपक अमात्य, रामशरण महत र पोष्टबहादुर बोगटीलाई विपक्षी बनाइएको थियो।



बिहीबारको मुद्दामा अर्का मन्त्री ज्ञानेन्द्रबहादुर कार्की पनि जोडिएका छन्। बोगटीको निधन भइसकेकोले उनकी पत्नी राममाया बोगटीलाई प्रतिवादी छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १६० रुपैयाँ बिगो दाबी गर्दै आरोपपत्र दर्ता गरेको हो। आयोगका अनुसार ठेक्का सम्झौताविपरीत ठेकेदार कम्पनीलाई कर तथा राजस्व छुट

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्ज मेनरोड विस्तारविरुद्ध डोजर आतंक रोक्न घरधनीको मानवसाङ्लो

**संवाहक सम्वादाता**-२४ बैशाख, कलैया
वीरगञ्जस्थित त्रिभुवन राजपथअन्तर्गतको मुख्य सडक विस्तार योजनाविरुद्ध स्थानीय घरधनीहरू आन्दोलनमा उत्रिएका छन्। बिहीबार गण्डकदेखि मितेरी पुलसम्मका घरधनी तथा व्यवसायीहरूले मानवसाङ्लो निर्माण गर्दै 'डोजर आतंक' बन्द गर्न माग गरेका हुन्।



मुख्य व्यापारिक क्षेत्रमा आयोजना गरिएको प्रदर्शनमा सहभागीहरूले सडकको दुवैतर्फ हातमा हात मिलाउँदै विरोध जनाएका थिए।

उनीहरूले "विकासको नाममा विनाश बन्द गर", "हामी विकास चाहन्छौं, उठीबास होइन" तथा "मेनरोडलाई शहरी मार्ग कायम गर" लगायतका नारा लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए।

स्थानीयवासीहरूले दशकौंदेखि कानुनी प्रक्रिया पूरा गरी निर्माण गरिएका घर तथा व्यापारिक संरचना भत्काउन खोजिएको भन्दै आपत्ति जनाएका छन्। उनीहरूका अनुसार बाइपास सडक सञ्चालनमा आइसकेको अवस्थामा पुरानो बजार क्षेत्रलाई फराकिलो सडकभन्दा व्यवस्थित शहरी मार्गका रूपमा विकास गर्न सकिन्छ।

विरोध सभालाई सम्बोधन गर्दै वीरगञ्ज महानगरपालिकाका पूर्वमेयर विजय सरावगी ले आफूहरू

बाँकी तेस्रो पृष्ठमा

## बेपता दुई किशोरी भारतको छपरा रेल्वे स्टेशनबाट सकुशल उद्धार

**संवाहक सम्वादाता**-२४ बैशाख, कलैया
वीरगञ्ज महानगरपालिका-१० घडिअर्वाका दुई १४ वर्षीय किशोरीलाई भारतको बिहारस्थित छपरा रेल्वे स्टेशनबाट सकुशल उद्धार गरिएको छ। दुई दिनदेखि बेपत्ता रहेका आर्या गुप्ता र रिद्धिसिद्धी (नाव्या) सहनीलाई नेपाल र भारतीय प्रहरीको समन्वयमा फेला पारेर नेपाल फर्काइएको हो।

उनीहरू ट्युसन पढ्न जान्छु भन्दै सोमबार दिउँसो करिब साढे ३ बजे घरबाट निस्किएका थिए तर साँझसम्म घर नफर्किएपछि परिवारले प्रहरीमा उजुरी दिएका थिए।

प्रहरी अनुसन्धान अनुसार उनीहरू सीमावर्ती रक्सौल रेल्वे स्टेशन हुँदै भारततर्फ प्रवेश गरेका थिए। त्यहाँबाट उनीहरूले नरकटियागञ्ज, गोरखपुर, मुजफ्फरपुर हुँदै अन्ततः छपरा रेल्वे स्टेशनसम्म रेलमार्ग प्रयोग गरी यात्रा गरेका थिए। प्रारम्भिक जानकारी अनुसार रिद्धिसिद्धी सहनीले मथुरा-वृन्दावन जाने योजना बनाएकी थिइन् र त्यसै क्रममा आर्या गुप्तालाई पनि साथ लैजाने प्रस्ताव गरेकी थिइन्।

यात्रा क्रममा मथुरा पुग्न आवश्यक खर्चको अभाव भएपछि उनीहरूले



क्यूआर कोडमार्फत पैसा व्यवस्थापन गर्ने प्रयास गरेको खुलेको छ। सोही क्यूआर कोडको जानकारी एक पक्षबाट सम्बन्धित व्यक्तिसम्म पुगेपछि घटना प्रहरीसम्म पुगेको हो। त्यसपछि स्थानीय सांसद सुशील कुमार कानुको पहलमा पर्सा प्रहरी प्रमुखलाई जानकारी दिइएको र खोजी कार्य तीव्र पारिएको थियो।

नेपाल प्रहरीले भारतीय प्रहरीसँग समन्वय गर्दै मोबाइल लोकेशन ट्रेस गरेपछि उनीहरूको अवस्थाबारे जानकारी प्राप्त भएको थियो। अन्ततः भारतीय प्रहरीले छपरा रेल्वे स्टेशनबाट उनीहरूलाई नियन्त्रणमा लिएर सुरक्षित राखेको थियो। त्यसपछि नेपाली पक्षसँग समन्वय गरी उद्धार प्रक्रिया अघि बढाइएको हो।

पछि आर्याका काका लालबाबु कानु र रास्वपा युवा नेता लखन गुप्ता भारतको छपरा पुगेर आवश्यक प्रक्रिया पूरा गरी दुवै किशोरीलाई नेपाल ल्याएका थिए। उनीहरूलाई जिल्ला प्रहरी कार्यालय पर्साको सेफ हाउसमा राखी अभिभावकको जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

हाल दुवै किशोरी सुरक्षित रूपमा परिवारसँग रहेका छन्। उनीहरू कसरी सीमा पार गरेर लामो दूरीको रेल यात्रा गरे, कसको प्रभाव वा संलग्नता थियो भन्ने विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## मटिअर्वा छोटी भन्सार पुनः सञ्चालन गर्ने सरकारी तयारी, सीमावर्ती व्यापार चलायमान हुने अपेक्षा

**संवाहक सम्वादाता**-२४ बैशाख, कलैया
वर्षौंदेखि निष्क्रियजस्तै बनेको मटिअर्वा छोटी भन्सार पुनः सञ्चालनमा ल्याउन सरकारले औपचारिक तयारी थालेपछि सीमावर्ती क्षेत्रका स्थानीयवासी तथा व्यवसायीमा उत्साह थपिएको छ।

भारतसँग जोडिएको बारा जिल्लाको मटिअर्वा नाका पुनः सञ्चालनमा आएपछि स्थानीय व्यापार, राजस्व संकलन र आवागमन व्यवस्थापनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।



सरकारले देशभरका १८ वटा छोटी भन्सार पुनः सञ्चालन गर्ने योजनाअन्तर्गत वीरगञ्ज भन्सार कार्यालय मातहतको मटिअर्वा छोटी भन्सारलाई पनि प्राथमिकतामा राखेको हो। गृह तथा अर्थ मन्त्रालयको समन्वयमा आवश्यक प्रशासनिक प्रक्रिया अगाडि बढाउने तयारी भइरहेको जनाइएको छ।

स्थानीयका अनुसार मटिअर्वा नाका लामो समयदेखि प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा सीमावर्ती क्षेत्रमा साना व्यापारी मारमा परेका थिए। वैकल्पिक नाकाबाट सामान आयात-निर्यात गर्दा लागत बढ्नुका साथै अवैध कारोबारको जोखिम समेत बढ्दै गएको थियो। अब

बाँकी तेस्रो पृष्ठमा

**जनहितमा जारी सन्देश**

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने।
- बाल विवाहको विरोध गर्ने।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय .......

# पाठ्यपुस्तकमा "सिन्डिकेट": शिक्षा कि कमिसनको कारोबार ?

निजी विद्यालयहरूमा पाठ्यपुस्तकको नाममा भइरहेको कथित 'सिन्डिकेट' ले नेपालको शिक्षा क्षेत्रभित्र मौलाउँदै गएको व्यापारिक प्रवृत्तिलाई फेरि उजागर गरेको छ। विद्यालय, निजी प्रकाशक र सीमित पुस्तक बिक्रेताबीचको मिलेमतोका कारण अभिभावकहरू महँगा तथा अनावश्यक पुस्तक किन्न बाध्य भइरहेका छन्। शिक्षा जस्तो संवेदनशील क्षेत्रलाई नाफामुखी कारोबारमा परिणत गर्ने यस्तो अभ्यासले विद्यार्थी, अभिभावक र समग्र शैक्षिक प्रणालीमाथि गम्भीर प्रश्न खडा गरेको छ। पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेका पाठ्यपुस्तकबाहेक अतिरिक्त पुस्तक अनिवार्य बनाइनु नियमविपरीत मात्र होइन, अभिभावकमाथि आर्थिक शोषण पनि हो। अझ एउटै विद्यालयले निश्चित पसलबाट मात्र पुस्तक किन्न दबाब दिनु, विद्यार्थी संख्याका आधारमा कमिसनको खेल चल्नु र कृत्रिम रूपमा मूल्य बढाइनु शिक्षा क्षेत्रको विकृत व्यापारिकरणको उदाहरण हो। नर्सरी र प्रारम्भिक तहका बालबालिकाका लागि समेत अत्यधिक महँगा पुस्तक अनिवार्य बनाइनुले अभिभावकको ढाड सेकिएको छ। यसमा सबैभन्दा चिन्ताजनक पक्ष भनेको नियमनकारी निकायको कमजोर उपस्थिति हो। महानगरपालिका, शिक्षा समिति र सम्बन्धित प्रशासनले अनुगमन भइरहेको दाबी गरे पनि व्यवहारमा प्रभावकारी नियन्त्रण देखिएको छैन। मापदण्ड विपरीतका पुस्तक फेला पर्दा केवल 'सचेत' गराएर छाड्ने प्रवृत्तिले समस्या झन् मौलाउने खतरा बढाएको छ। कानुन उल्लंघन गर्ने विद्यालय, प्रकाशक र बिक्रेतामाथि स्पष्ट र कडा कारबाही हुन आवश्यक छ। शिक्षा सेवा हो, व्यापार होइन। विद्यालयले गुणस्तरीय शिक्षालाई प्राथमिकता दिनुपर्छ, कमिसन र नाफालाई होइन। सरकारले राष्ट्रिय पाठ्यक्रम प्रारूप पुनरावलोकन गर्ने तयारी गरिरहेको सन्दर्भमा पाठ्यपुस्तक वितरण र बिक्री प्रणालीलाई पारदर्शी, प्रतिस्पर्धी र अभिभावकमैत्री बनाउनेतर्फ ठोस नीति ल्याउन ढिलाइ गर्नु हुँदैन। अन्यथा, 'सिन्डिकेट' को यो जालोले शिक्षा क्षेत्रप्रतिको विश्वास अझ कमजोर बनाउनेछ।

# विद्युतगृहसँग जोडिएको गोरखापत्र

चन्द्रज्योति विद्युतगृह र गोरखापत्र केवल दुई ऐतिहासिक संस्था मात्र होइनन्, यी नेपालमा आधुनिकता, सूचना प्रवाह र पूर्वाधार विकासको प्रारम्भिक यात्राका महत्वपूर्ण प्रतीक हुन् । यी पुराना संरचना र अवशेषले नेपालको प्राविधिक र सञ्चार विकासको गौरवशाली इतिहास सम्झाइरहेका छन् ।



नारायण ज्ञवाली





नेपालको आधुनिक विकास यात्रामा विद्युत् उत्पादन र सञ्चार क्षेत्रको विकासले विशेष महत्व राख्छ । विशेष गरी नेपालमा पहिलो पटक विद्युत् उत्पादन सुरु भएको चन्द्रज्योति विद्युत गृह र देशको पहिलो पत्रिका गोरखापत्रले नेपाली समाजलाई आधुनिक युगतर्फ अग्रसर गराउन महत्वपूर्ण भूमिका खेलेका छन् । चन्द्रज्योति विद्युतगृहको शुभारम्भ र गोरखापत्रको शुभारम्भ, विकास र विस्तारलाई एक ऐतिहासिक धरोहरका रूपमा लिन सकिन्छ ।

नेपालमा पहिलो पटक जलविद्युत् उत्पादन १९६८ साल जेठ ९ गते भएको मानिन्छ । काठमाडौं उपत्यकाको दक्षिणतर्फ फर्पिङ क्षेत्रमा निर्माण गरिएको चन्द्रज्योति विद्युत्गृहबाट ५०० किलोवाट विद्युत् उत्पादन सुरु गरिएको थियो । यस परियोजनाको निर्माण तत्कालीन प्रधानमन्त्री चन्द्रशमशेर जङ्गबहादुर राणाको पहलमा गरिएको थियो । यसबाट प्रारम्भमा बिजुली बत्ती बाल्ने काम भए पनि हाल विद्युत् उत्पादन हुन सकेको छैन । नेपालको इतिहासमा विद्युत् शुभारम्भ गरिएको केन्द्रलाई संरक्षण गरी सरकारले एक सङ्ग्रहालयका रूपमा विकास गर्न खोजेको छ । उनकै नामबाट यसलाई 'चन्द्रज्योति' नाम दिइएको थियो । यो विद्युत्गृह नेपालको मात्र नभई दक्षिण एसियाकै प्रारम्भिक जलविद्युत् परियोजनामध्ये एक मानिन्छ ।

चन्द्रज्योति विद्युतगृह सञ्चालनमा आएपछि काठमाडौँमा पहिलो पटक सडक बत्ती बाल्ने व्यवस्था गरिएको थियो । यसले दरबार, सरकारी कार्यालय र केही सार्वजनिक स्थानमा उज्यालो पुऱ्याइएको थियो । सर्वसाधारण जनताको पहुँचमा भने यस जलविद्युत्गृहबाट उत्पादन भएको विजुली पुग्न सकेको थिएन । पछि जनसङ्ख्या वृद्धि र विद्युत् माग बढ्दै जाँदा नेपालमा अन्य जलविद्युत् आयोजना पनि निर्माण हुन थाले । समयक्रममा नेपाल विद्युत् प्राधिकरण स्थापना भई देशभर विद्युत् उत्पादन, प्रसारण र वितरणको व्यवस्थापन गर्दै आएको छ । चन्द्रज्योति विद्युत्गृह अहिले ऐतिहासिक धरोहरका रूपमा पनि चिनिन्छ । नेपालको पत्रकारिता इतिहासमा गोरखापत्रको विशेष स्थान छ । यसको प्रकाशन विसं १९५८ जेठ २४ गते सुरु भएको हो । यसलाई तत्कालीन प्रधानमन्त्री देवशमशेर जङ्गबहादुर राणाले सुरु गराएका थिए । गोरखापत्र प्रारम्भमा साप्ताहिक पत्रिकाका रूपमा प्रकाशित हुन्थ्यो र त्यस समयको छापाखानाबाट हातले चलाइने प्रेसबाट छापिन्थ्यो । पछि क्रमशः यसको विकास हुँदै दैनिक पत्रिकाका रूपमा प्रकाशन हुन थाल्यो ।

नेपालमा विद्युत् उत्पादन सुरु भएपछि सञ्चार तथा प्रकाशन क्षेत्रमा पनि आधुनिक प्रविधिको प्रयोग सम्भव भयो । छापाखानामा विद्युत् प्रयोग हुन थालेपछि पत्रपत्रिका छाप्ने काम अझ छिटो र व्यवस्थित बन्यो । यसरी चन्द्रज्योति विद्युत्गृह र गोरखापत्र दुवै नेपालमा आधुनिकता र विकासका महत्वपूर्ण प्रतीक बने । विद्युत्को विकाससँगै बढ्दै गएको प्रविधिले सबैलाई आकर्षण गरेको छ । प्रविधिको अधिकतम उपयोग बढाउँदै ऐतिहासिक रूपमा स्थापित गोरखापत्र र चन्द्रज्योति विद्युत्गृहको संरक्षणमा हामी सबैको भूमिका महत्वपूर्ण हुनु पर्छ ।

नेपालमा चन्द्रज्योति विद्युत्गृहको स्थापना र गोरखापत्रको प्रकाशनले देशको विकास यात्रामा नयाँ युगको सुरुवात गरेको देखिन्छ । विद्युत् उत्पादनले आधुनिक जीवनशैलीको ढोका खोल्यो भने गोरखापत्रले सूचना, शिक्षा र चेतनाको विस्तार गऱ्यो । आज पनि यी दुवै ऐतिहासिक संस्था नेपालको विकासका महत्वपूर्ण कोसेढुङ्गाका रूपमा स्मरण गरिन्छन् ।

नेपालमा विद्युत् विकासको इतिहास धेरै पुरानो छैन । यसको प्रारम्भिक चरणमा निर्माण गरिएका केही संरचना आज पनि दृढ रूपमा उभिएर सेवा दिइरहेका छन् । ती संरचनामध्ये 'चन्द्रज्योति विद्युत्' को टाँचा लगाइएका पुराना पोल विशेष रूपमा उल्लेखनीय छन् । विद्युत् वितरणको सुरुवाती समयमा गाडिएका यी पोलले केवल त्यतिबेलाको आवश्यकता मात्र पूरा गरेनन्, बरु गुणस्तर र दीर्घकालीन सोचको उदाहरण पनि प्रस्तुत गरे । विद्युत् सेवा विस्तार गर्ने क्रममा गाडिएका काठका र फलामका पोलमा 'चन्द्रज्योति विद्युत्' भन्ने स्पष्ट छाप लगाइन्थ्यो । समयको लामो यात्रासँगै धेरै संरचना परिवर्तन भए । तीमध्ये केही पोल अझै पनि उभिएर सेवा दिइरहेका छन् । यसको जिउँदो प्रमाण काठमाडौँस्थित गोरखापत्र संस्थानको कम्पाउन्डभित्र देख्न सकिन्छ । त्यहाँ आज पनि 'चन्द्रज्योति विद्युत्' अङ्कित पुरानो पोल उभिएको छ र विगतको इतिहासलाई सम्झाइरहेको छ ।

दशकौँअघि गाडिएको त्यो पोल अहिले पनि मजबुत अवस्थामा रहनु कुनै सामान्य होइन । यसले त्यतिबेलाको निर्माण कार्यमा प्रयोग गरिएको सामग्रीको गुणस्तर, कामप्रतिको इमानदारिता र जिम्मेवारीपूर्ण सोचलाई स्पष्ट रूपमा देखाउँछ । सीमित स्रोत र प्रविधि हुँदाहुँदै पनि दीर्घकालीन उपयोगलाई ध्यानमा राखेर गरिएका कामले समयको कठिन परीक्षा सजिलै पार गरेका छन् । अहिले पनि विद्युत् प्राधिकरणले सरकारी संस्थाका रूपमा उत्पादन, प्रसारण र वितरणको काम गरिरहेको छ । गाडिएका पोलमा नेपाल विद्युत् प्राधिकरणको छाप लगाइन्छ । यसको सिकाइ पनि पोलमा तत्कालको चन्द्रज्योति छाप लगाएको निरन्तरता हो ।

आज विकासका नाममा धेरै संरचना निर्माण भइरहेका छन् । कतिपय संरचना छोटो समयमै जीर्ण हुने अवस्था पनि देखिन्छ । यस्तो अवस्थामा 'चन्द्रज्योति विद्युत्' लेखिएको पुरानो पोलले एउटा महत्वपूर्ण सन्देश दिन्छ । विकास निर्माणमा गुणस्तर, जिम्मेवारी र दूरदर्शिता अपनाइयो भने त्यसको परिणाम धेरै पुस्तासम्म टिकिरहन्छ । यस दृष्टिले हेर्दा गोरखापत्र संस्थानको परिसरमा उभिएको 'चन्द्रज्योति विद्युत्' अङ्कित पोल केवल एउटा पुरानो सामग्री मात्र होइन; यो नेपालमा विद्युत् विकासको प्रारम्भिक यात्राको ऐतिहासिक साक्षी हो । यसले विगतको मेहनत, गुणस्तर र प्रतिबद्धतालाई आजको पुस्तासामु स्मरण गराउँदै भविष्यका विकास कार्यमा पनि गुणस्तरलाई प्राथमिकता दिन प्रेरणा प्रदान गर्छ । पुरानो पोल अझै पनि उभिएर सेवा दिइरहनु विगतको कामप्रतिको इमानदारिता र गुणस्तरको दरिलो प्रमाण हो । जसले भन्छ, राम्रो काम समयसँगै झन् मूल्यवान् बन्दै जान्छ ।

### गोरखापत्रको विश्वसनीयता

गोरखापत्रले नेपालको राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनका महत्वपूर्ण घटनालाई निरन्तर अभिलेख गर्दै आएको छ । गोरखापत्रले विश्वसनीय समाचारका अलावा, सरकारी सूचना, निर्णय, सार्वजनिक सूचना र राष्ट्रिय महत्वका विषयलाई जनसमक्ष पुऱ्याउने काम गरिरहेको छ । सरकारी आधिकारिक जानकारी सार्वजनिक गर्ने माध्यमको रूपमा पनि यसको विशेष पहिचान छ । आज पनि नेपालका सबै सरकारी, गैरसरकारी कार्यलयमा गोरखापत्रले राम्रै प्रवर्धन गरिरहेको छ ।

इतिहासको विभिन्न चरणमा गोरखापत्र देशका महत्वपूर्ण परिवर्तनको साक्षी बनेको छ । प्रजातन्त्रको स्थापना, विभिन्न राजनीतिक आन्दोलन, विकासका योजना, सामाजिक परिवर्तन तथा राष्ट्रिय उपलब्धिलाई यसले जनतामाझ पुऱ्याउँदै आएको छ । गोरखापत्रलाई नेपालको पत्रकारिता इतिहासको महत्वपूर्ण दस्तावेजका रूपमा पनि लिइन्छ ।

गोरखापत्रमा प्रकाशित समाचार र सूचना तथ्यमा आधारित तथा आधिकारिक स्रोतबाट प्राप्त हुने भएकाले यसको विश्वसनीयता उच्च मानिन्छ । सरकारी निकाय, सार्वजनिक संस्थान तथा विभिन्न सङ्घ संस्थाले आफ्ना सूचना र विज्ञापन प्रकाशित गराउन गोरखापत्रलाई प्राथमिकता दिने गरेका छन् । यसले पत्रिकाप्रतिको विश्वास अझ बलियो बनाएको छ । आजको सूचना-प्रविधिको युगमा पनि गोरखापत्रले आफ्नो गरिमा र विश्वसनीयतालाई कायम राख्दै पाठकलाई तथ्यपूर्ण, सन्तुलित र जिम्मेवार पत्रकारिता प्रदान गर्दै आएको छ । नेपाली पत्रकारिताको इतिहास, विकास र विश्वासको प्रतीकका रूपमा पाठकका सामु गोरखापत्र सधैँ स्मरणीय रहने छ ।

नेपालको आधुनिक विकास यात्रामा पहिलो विद्युत्गृह चन्द्रज्योति विद्युत्गृह र पहिलो नेपाली पत्रिका गोरखापत्र संस्थानद्वारा प्रकाशित गोरखापत्रबिच ऐतिहासिक सम्बन्ध छ । चन्द्रज्योति विद्युत्गृहबाट उत्पादन भएको विद्युत्ले नेपालमा आधुनिक सेवा सुविधाको ढोका खोलेको थियो, जसको प्रभाव छपाइ प्रविधि र सूचना प्रवाहमा पनि परेको मानिन्छ ।

आज विद्युत् क्षेत्रको विकास र व्यवस्थापन नेपाल विद्युत् प्राधिकरणले गरिरहेको छ भने गोरखापत्र संस्थानले गोरखापत्रलगायत विभिन्न पत्रपत्रिका प्रकाशनको कार्य निरन्तर अघि बढाइरहेको छ । गोरखापत्र संस्थानको परिसरमा आज पनि 'चन्द्रज्योति विद्युत्' लेखिएको पुरानो पोल देखिनु इतिहासको जीवित प्रमाण हो ।

चन्द्रज्योति विद्युत्गृह र गोरखापत्र केवल दुई ऐतिहासिक संस्था मात्र होइनन्, यी नेपालमा आधुनिकता, सूचना प्रवाह र पूर्वाधार विकासको प्रारम्भिक यात्राका महत्वपूर्ण प्रतीक हुन् । यी पुराना संरचना र अवशेषले नेपालको प्राविधिक र सञ्चार विकासको गौरवशाली इतिहास सम्झाइरहेका छन् । नेपालको पहिलो पत्रिका गोरखापत्र पनि पुरानो हुँदैमा कमजोर हुँदैन भन्ने उदाहरण हो । विसं १९५८ मा प्रकाशन सुरु भएको गोरखापत्रले आजसम्म निरन्तर समाचार, सूचना र विचार प्रस्तुत गर्दै आएको छ । समयसँगै प्रविधि परिवर्तन भए पनि यसको विश्वसनीयता र ऐतिहासिक महत्व भने अझै कायम छ ।

पुरानो हुनु कमजोरी होइन; बरु इतिहास, अनुभव र गुणस्तरको परिचय हो । चन्द्रज्योति विद्युत्गृहका पुराना पोल र गोरखापत्रको दीर्घकालीन प्रकाशनले स्पष्ट सन्देश दिन्छ पुरानो हुँदैमा नराम्रो हुँदैन, बरु धेरै अवस्थामा त्यो अझ विश्वसनीय र मूल्यवान् हुन्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## साइबर अपराध विरुद्धको कारबाहीमा २३१ जना विदेशी नागरिक पक्राउ

***कोलम्बो(श्रीलङ्का), वैशाख २४ गते***। श्रीलङ्काका प्रहरीले सप्ताहन्तदेखि राजधानीमा जारी गरेको पछिल्लो साइबर अपराध विरोधी काबाहीमा अधिकांश चिनियाँ र भियतनामीसहित २३१ जना विदेशी नागरिकलाई पक्राउ गरेको अधिकारीहरूले बिहीबार बताएका छन् ।



अन्तर्राष्ट्रियरूपमा अपरारधको जालो फैलाई साइबर अपराध गर्दै आएको अपराधिक समूहले अनलाइन क्रिप्टोकरेन्सी घोटालालगायतका माध्यामबाट वार्षिक अरबौं डलर बराबरको हिनामिन गरेको जनाइएको छ । श्रीलङ्कामा, अधिकारीहरूले गत आइतबारको कारबाहिमा दुई सन्दिग्धसहित १५७ जनालाई पक्राउ गरेको जनाएका छन् । यसै गरी बुधबार थप ७४ जनालाई पक्राउ गरिएको जनाइएको छ ।

अपराधमा संलग्न व्यक्ती पर्यटन भिसामा श्रीलङ्कामा प्रवेश गरी अवैधरूपमा अपराधिक कार्यमा संलग्न रहेको प्रहरी प्रवक्ता फ्रेडरिक वुटलरले बताउनुभएको छ । घोटाला केन्द्रबाट जफत गरिएका कम्प्युटर तथा मोबाइल फोनको फरेन्सिक जाँच गर्न आदेश दिएको जनाइएको छ । आइतबार पक्राउ परेका संदिग्धसँग फेला परेका कम्प्युटर र सञ्चार उपकरण पनि अनुसन्धानका लागि पठाइएको अधिकारीहरूले बताएका छन् । श्रीलङ्काको एक होटलबाट साइबर क्यामेरा सञ्चालन गरेको आरोपमा अधिकाशं चिनियाँ नागरिक सहित १५२ जना विदेशी नागरिकलाई हिरासतमा लिएको एक महिनापछि यो कारबाहि गरिएको जनाइएको छ । आप्रवासन अधिकारीहरूले गत मार्चमा १३५ चिनियाँ नागरिकलाई यस्तै घोटालाको आरोपमा पक्राउ गरी निर्वासित गरिएको जनाएका छन् ।

यस अघि कोलम्बोस्थित बेइजिङ दूतावासले चिनियाँ नागरिकलाई श्रीलङ्कामा घोटालाको कारबाहीमा संलग्न हुनबाट रोक्न स्थानीय अधिकारीहरूसँग काम गरिरहेको बताएको थियो । श्रीलङ्काको दूर-सञ्चार पूर्वाधार, अनुकूल भौगोलिक संरचना र अपेक्षाकृत उदार भिसा नीतिले ठगी गिरोहलाई श्रीलङ्का सक्रिय रहन प्रोत्साहित गरेको दूतावासले जनाएको छ ।

सन् २०२४ मा श्रीलङ्काका अधिकारीहरूले टापुका विभिन्न भागमा साइबर अपराध विरुद्धको कारबाही गरेको आरोपमा २३० जना चिनियाँ नागरिक र २०० जना भारतीय नागरिकलाई हिरासतमा लिएको जनाइएको छ ।

## ४९१ जना कैदीसहित हजारौं अफगान शरणार्थी पाकिस्तानबाट स्वदेश फिर्ता

***काबुल, वैशाख २४ गते ।***

कम्तिमा ४९१ जना अफगान कैदीसहित चार हजार ७७२ जना अफगान शरणार्थी छिमेकी मुलुक पाकिस्तानबाट आफ्नो मातृ भूमिमा फर्केको अधिकारीहरूले बिहीबार घोषणा गरेका छन् ।




पाकिस्तानका विभिन्न जेलमा विभिन्न अभियोगमा कैद जीवन बिताइ रहेका कैदी दक्षिणी कान्दाहार प्रान्तको स्पिन बोल्डक सीमा नाका र पूर्वी नङ्गरहार प्रान्तको तोरखाम नाका हुँदै घर फर्केको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको छ । यसैबिच चार हजार ७७२ जना अफगान शरणार्थी बुधबार एकै दिनमा पाकिस्तानबाट आफ्नो मातृभूमि फर्केको अफगानीस्तानको पुनरागमन समस्या सम्बोधन गर्ने आयोगले जनाएको छ ।

स्वदेश आइपुगेपछि, बन्दीको पुनः एकीकरण समर्थनका लागि आ-आफ्नो गृह प्रान्तमा सारिनु अघि तत्कालका लागि मानवीय सहायता प्राप्त गरेको जनाइएको छ । गत वर्ष करिब ३० लाख अफगान शरणार्थी छिमेकी इरान र पाकिस्तानबाट घर फर्केको जनाइएको छ भने दुवै देशले कागजात विहीन विदेशी नागरिकलाई उनीहरूको अवैध प्रवास अन्त्य गर्नको लागि र घर फर्कन आग्रह गरिरहेका छन् ।

## वीरगञ्ज...

विकासविरोधी नभएको स्पष्ट पारे। उनले वैज्ञानिक अध्ययन, उचित मुआब्जा र वैकल्पिक व्यवस्थाबिना संरचना भत्काउनु अन्यायपूर्ण हुने बताए।

“हजारौँ परिवारलाई विस्थापित गरेर गरिने विकास जनमुखी हुन सक्दैन,” उनले भने।

सडक विस्तारको चर्चासँगै वीरगञ्जको मुख्य व्यापारिक क्षेत्रमा त्रासको वातावरण बनेको छ। स्थानीय प्रशासनले सडक सीमाभित्र रहेका संरचना हटाउन सूचना जारी गरिसकेको छ भने प्रभावित पक्षले माग सम्बोधन नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन्।

वीरगञ्जको मुख्य सडक विस्तार योजनाले विकास र सम्पत्ति अधिकारबीचको बहसलाई पुनः तीव्र बनाएको छ। स्थानीयवासीले विकाससँगै मानवीय संवेदनशीलता, ऐतिहासिक संरचना संरक्षण र दीर्घकालीन शहरी योजना आवश्यक रहेको बताएका छन्।

## मटिअर्वा ...

भन्सार पुनः सञ्चालनमा आएपछि स्थानीय उत्पादनको कारोबार सहज हुने र सीमावर्ती बजार पुनः चलायमान बन्ने विश्वास गरिएको छ।

यसैबीच बारा क्षेत्र नम्बर ३ का सांसद अरविन्द साह ले आगामी आर्थिक वर्षको बजेटमार्फत मटिअर्वा नाकाको स्तरोन्नति तथा पूर्वाधार विकासका लागि आवश्यक रकम विनियोजन गर्न सरकारसँग माग गर्नुभएको छ। उहाँको सचिवालयका अनुसार भन्सार कार्यालय भवन, सडक पहुँच, सुरक्षा व्यवस्थापन, गोदाम तथा कर्मचारी व्यवस्थापनजस्ता आधारभूत संरचना निर्माण आवश्यक रहेको उल्लेख गरिएको छ।

स्थानीय जनप्रतिनिधिहरूले पनि मटिअर्वा नाका सञ्चालनमा आएपछि सीमावर्ती क्षेत्रमा आर्थिक गतिविधि बढ्ने, युवालाई रोजगारीका अवसर सिर्जना हुने तथा राजस्व चुहावट नियन्त्रणमा सहयोग पुग्ने बताएका छन्। व्यवसायीहरूले वैधानिक व्यापार प्रणाली मजबुत बनाउन सरकारले तत्काल आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्नुपर्ने माग गरेका छन्।

मटिअर्वा नाका पुनः सञ्चालनलाई सीमावर्ती क्षेत्रको आर्थिक पुनर्जागरणसँग जोडेर हेरिएको छ। यदि सरकारले घोषणा अनुसार प्रक्रिया अगाडि बढाएमा यो नाका बारा जिल्लाको व्यापारिक गतिविधिको नयाँ केन्द्र बन्न सक्ने स्थानीयको अपेक्षा छ।

## पोखरा...

दिई राज्यलाई ठूलो आर्थिक क्षति पुऱ्याइएको देखिएको छ। मुद्दामा तत्कालीन अर्थमन्त्री कार्कीसँगै पूर्वअर्थ सचिव शंकर प्रसाद अधिकारी, पर्यटन सचिव महेश्वर न्यौपाने, सहसचिवहरू सुरेश आचार्य, दुण्डुराज घिमिरे र केवल भण्डारीलाई प्रतिवादी बनाइएको छ। यस्तै, नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सञ्जिव गौतम तथा निवर्तमान महानिर्देशक प्रदीप अधिकारीमाथि पनि भ्रष्टाचारमा संलग्न भएको अभियोग लगाइएको छ। उपसचिव युवराज पाण्डे, शाखा अधिकृत उर्मिला भण्डारी र इन्जिनियर योगेश अर्याललाई समेत मुद्दामा प्रतिवादी बनाइएको छ।

निर्माणको जिम्मा पाएको चिनियाँ कम्पनी सीएएमसी इन्जिनियरिङ, कम्पनीका अध्यक्ष तथा परियोजना व्यवस्थापकविरुद्ध पनि आयोगले मुद्दा दायर गरेको छ।

विशेष अदालतका प्रवक्ता कृष्णशरण लामिछानेका अनुसार सरकारी निर्णय, ठेक्का प्रक्रिया र राजस्व छुटसम्बन्धी कागजातको विस्तृत अध्ययनपछि मुद्दा दर्ता गरिएको हो। यसअघि पनि सोही विमानस्थल प्रकरणमा अख्तियारले गत चैत महिनामा अर्को मुद्दा दायर गरेको थियो। उक्त मुद्दामा २१ जना व्यक्ति र दुई कम्पनीलाई प्रतिवादी बनाइएको थियो, जसमा तत्कालीन पर्यटन सचिव केदारबहादुर अधिकारी, नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशकहरू सञ्जिव गौतम र राजन पोखरेललगायत रहेका थिए। उक्त मुद्दामा विमानस्थल निर्माणका क्रममा राजस्व छुटसम्बन्धी अनियमितता भएको भन्दै ४६ करोड १५ लाख ८४ हजार ४३४ रुपैयाँ बिगो मागदाबी गरिएको थियो।

अख्तियारका अनुसार विमानस्थल निर्माणमा परामर्शदाता नियुक्ति प्रक्रियामा पनि अनियमितता देखिएको छ। एपीसीमा अधिकतम ३३ करोड ९४ लाख रुपैयाँ लागत भए पनि पछि प्राधिकरणको आन्तरिक बजेटमार्फत ५० करोड ३४ लाख रुपैयाँ लागत अनुमान तयार गरिएको उल्लेख छ।

त्यस्तै, छुट्टै बजेट खर्च गर्न नमिल्ने अवस्थाबारे जानकारी हुँदाहुँदै ४२ करोड ८९ लाख रुपैयाँको परामर्श सेवा सम्झौता गरिएको र हालसम्म ४० करोड ६८ लाख रुपैयाँ भुक्तानी भइसकेको आयोगले जनाएको छ। परामर्श सेवामा भएको खर्च र प्रक्रिया मिलानमा अनियमितता देखिएको भन्दै आयोगले असुलउपर हुनुपर्ने करिब ६ करोड ७३ लाख ९२ हजार रुपैयाँसमेत उल्लेख गरेको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलसँग सम्बन्धित लगातारका मुद्दाले ठूला विकास आयोजनामा हुने नीतिगत निर्णय, बजेट व्यवस्थापन र कार्यान्वयन प्रक्रियामाथि गम्भीर प्रश्न उठाएको छ।

## रातको अँध्यारो...

लागूऔषधको ओसारपसार बढेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

स्थानीय स्रोतका अनुसार कचोर्वा-बसवरिया-झरोखर, सतुआही-अठमुहान, कवलपुर-अगरवा, पिपरपाती-बेनौली, बेलदारी-चिकनी बैरिया लगायतका सीमा नाकाहरू अहिले अवैध कारोबारका मुख्य रुटका रूपमा प्रयोग भइरहेका छन्। तस्करहरूले रामनगर क्षेत्रलाई भण्डारण तथा वितरण केन्द्र बनाएर चकलेट, काजु, किसमिस, कपडा लगायत उच्च मूल्यका सामान भित्र्याउने गरेको आरोप छ।

पचरौताको कुडवा तथा आदर्श कोतवाल गाउँपालिकाको गण्डक नहर आसपासको बाटोलाई सुरक्षित मार्गका रूपमा प्रयोग गर्दै तस्करी हुने गरेको स्थानीयको दाबी छ। यसअघि दिनको समयमा हुने तस्करी अहिले राति र बिहान सबेरै बढी हुन थालेको बताइन्छ।

त्यसैगरी लंगडा चोक प्रहरी चौकी आसपासको बाटो हुँदै उत्तरी क्षेत्रमा समेत अवैध सामान ओसारपसार भइरहेको स्थानीयले बताएका छन्। सुवर्ण गाउँपालिका अन्तर्गत सन्तगञ्ज, कवही गोठ, महुअवा, कटगेनवा नाका हुँदै बरियारपुर, गञ्ज भवानीपुर, कोल्हवी लगायतका क्षेत्रमा सामान पुऱ्याइने गरिएको आरोप छ।

मटिअर्वा हुँदै धर्मनगरको चिमनी क्षेत्र, कलैया बजार, कृष्ण मन्दिर आसपास तथा सिद्धेश्वर नजिकका गोदामसम्म तस्करीका सामान पुऱ्याइने गरिएको स्थानीय स्रोतले जनाएको छ। त्यहाँबाट विभिन्न सवारी साधन प्रयोग गरी काठमाडौंसम्म नेटवर्क फैलिएको दाबी गरिएको छ।

स्थानीयका अनुसार भारतीय तस्कर समूहले चकलेट, काजु तथा कपडाको अवैध कारोबार व्यापक रूपमा सञ्चालन गरिरहेका छन्। सिम्रौनगढ क्षेत्रमा दुई दर्जनभन्दा बढी भारतीय मोटरसाइकल प्रयोग गरी बन्डलका बन्डल कपडा ओसारपसार भइरहेको आरोप छ। माछा र फूलको तस्करी समेत नरोकिएको स्थानीयको भनाइ छ।

स्थानीयले सियाराम, खेना, मटर, मकबुल लगायतका व्यक्तिहरूको नाम जोड्दै सीमामा तस्करी अझै सक्रिय रहेको बताएका छन्। उनीहरूका अनुसार सुरक्षा निकायले सीमामा कडाइ गरेको दाबी गरे पनि व्यवहारमा मिलेमतोका कारण अवैध कारोबार मौलाएको छ।

स्थानीयवासीले सशस्त्र प्रहरी र नेपाल प्रहरीको भूमिकामाथि समेत प्रश्न उठाएका छन्। सीमामा सुरक्षा कडाइको प्रचार गरिए पनि भारततर्फ ठूलो परिमाणमा लागूऔषध, मदिरा, हुण्डी रकम तथा अन्य सामान बरामद भइरहनुले सीमाको वास्तविक अवस्था उजागर गरेको उनीहरूको भनाइ छ।

यता सुरक्षा निकायका अधिकारीहरूले भने सीमामा नियमित गस्ती, निगरानी र अपरेशन सञ्चालन भइरहेको दाबी गर्दै आएका छन्। तर पछिल्ला घटनाक्रमले सीमावर्ती क्षेत्रमा लागूऔषध र तस्करी नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको देखिएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# अब पासपोर्ट लिन कार्यालय आउनुपर्दैन, रु ५५ मै घरमै डेलिभरी

***संवाहक सम्वादाता**-२४ बैशाख, कलैया*

रौतहटका सेवाग्राहीले अब पासपोर्ट बुझ्न जिल्ला प्रशासन कार्यालय पुगिरहनुपर्ने बाध्यताबाट मुक्ति पाउने भएका छन्। जिल्ला प्रशासन कार्यालय र हुलाक सेवाको समन्वयमा सुरु गरिएको नयाँ व्यवस्थाअनुसार केवल रु ५५ को हुलाक टिकटमार्फत पासपोर्ट घरमै प्राप्त गर्न सकिने भएको हो।



आजदेखि लागू भएको व्यवस्थाअनुसार पासपोर्टका लागि आवेदन दिने सेवाग्राहीले फाराम भर्ने क्रममा नै "घरमै पासपोर्ट बुझ्ने" वा "कार्यालयबाट बुझ्ने" भन्ने विकल्प रोज्न सक्नेछन्। घरमै सेवा लिन चाहनेले आवेदनकै समयमा रु ५५ बराबरको हुलाक टिकट खरिद गरी बुझाउनुपर्नेछ। यसपछि राहदानी विभागबाट पासपोर्ट जिल्ला प्रशासन कार्यालयमा प्राप्त हुनेबित्तिकै हुलाकमार्फत सम्बन्धित व्यक्तिको घरठेगानामा पठाइने व्यवस्था मिलाइएको छ। यसले विशेषगरी टाढा-टाढाका गाउँबाट सदरमुकाम आउनुपर्ने नागरिकलाई सहजता मिल्ने अपेक्षा गरिएको छ।

यसअघि पासपोर्ट लिनकै लागि सेवाग्राहीले लामो दूरी पार गरेर कार्यालय पुग्नुपर्ने, दिनभर लाइन बस्नुपर्ने तथा अतिरिक्त खर्च व्यहोर्नुपर्ने अवस्था थियो। नयाँ व्यवस्थाले समय र खर्च दुवै बचत गर्ने विश्वास प्रशासनको छ।

जिल्ला हुलाक कार्यालयका प्रमुख देवनाथ यादव का अनुसार हुलाक सेवामार्फत सरकारी सेवा वितरणलाई थप प्रभावकारी र नागरिकमैत्री बनाउने उद्देश्यले यो व्यवस्था सुरु गरिएको हो। उहाँले आगामी दिनमा अन्य सरकारी कागजात वितरणमा समेत यस्तो सेवा विस्तार गर्न सकिने बताउनुभयो। स्थानीयवासीले नयाँ व्यवस्थालाई सेवाग्राहीमैत्री कदमको रूपमा स्वागत गरेका छन्। सरकारी कार्यालयको भीड कम हुनुका साथै ग्रामीण भेगका नागरिकलाई प्रत्यक्ष राहत पुग्ने अपेक्षा गरिएको छ।

# जनकपुरधाममा अनुगमन: गोपाल डेरीको १०५ किलो दही नष्ट, दूधमा २५% पानी मिसावट फेला

***कैलश दास---***
***जनकपुरधाम, २४ बैशाख***



खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले जनकपुरधाम उपमहानगरपालिका-४ स्थित गोपाल डेरी उद्योगमा अनुगमन गर्दै १०५ किलो दही नष्ट गरेको छ। अनुगमनका क्रममा गुणस्तरहीन उत्पादन र मापदण्डविपरीत प्याकेजिङ भेटिएपछि दही नष्ट गरिएको हो। कार्यालयका अनुसार नष्ट गरिएको दहीको बजार मूल्य करिब १२ हजार रुपैयाँभन्दा बढी रहेको छ। अनुगमन टोलीले दहीमा आवश्यक लेबल नभएको, लामो समयदेखि प्याकेजिङ गरिएको तथा गुणस्तर परीक्षणमा पाउडरजन्य पदार्थको संकेत भेटिएको जनाएको छ। खाद्य प्रविधि अधिकृत रमेश दाहालका अनुसार सो उद्योगमा यसअघि पनि पटक-पटक अनुगमन गर्दा कमजोरी देखिएको थियो। सुधार गर्न निर्देशन दिइए पनि कार्यान्वयन नभएकाले अन्ततः दही नष्ट गर्नुपरेको उनले बताए। अनुगमनका क्रममा दूधमा २५ प्रतिशतभन्दा बढी पानी मिसावट गरिएको पनि पाइएको छ। यस्तै, सरसफाइको अवस्था कमजोर रहेको र खाद्य सुरक्षा मापदण्ड पालना नगरेको समेत देखिएको कार्यालयले जनाएको छ। टोलीले संजय दूध डेरी उद्योग, हेमा गाईभैंसी पालन दूध डेरी उद्योग, राजीव डेरी उद्योग, राधेकृष्ण डेरी उद्योग, जय सियाराम डेरी उद्योग र समृद्धि दुग्ध डेरी उद्योगमा समेत अनुगमन गरेको थियो। तीमध्ये केही उद्योगमा दूधमा पानी मिसावट भएको पाइए पनि अन्य परीक्षण भने सामान्य रहेको बताइएको छ।

अनुगमनका क्रममा पानीको मात्रा, न्युट्रोलाइज र युरिया परीक्षण गरिएको थियो। प्राविधिक टोलीका अनुसार अन्य सूचकहरू सामान्य रहे पनि दूधमा पानी मिसावट देखिनु चिन्ताजनक विषय हो।

अनुगमन टोलीमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय, जनकपुर उद्योग वाणिज्य संघ र सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो। कार्यालयले मापदण्ड पालना नगर्ने उद्योगहरूलाई कडा कानुनी कारबाही गर्ने चेतावनी दिएको छ।

# गदियानी टोलको आगलागी पीडित तीन परिवारलाई राहत सामग्री वितरण

***संवाहक सम्वादाता**-२४ बैशाख, कलैया*

पर्साको पटेर्वा सुगौली गाउँपालिका-१ गदियानी टोलमा शनिबार राति भएको आगलागीबाट प्रभावित तीन परिवारलाई राहत सामग्री वितरण गरिएको छ। आगलागीमा मोस्तकीम मिया मन्सुरी, सैफुदीन मिया मन्सुरी र जैनोदिन मिया मन्सुरीका फुसको घर पूर्ण रूपमा जलेर नष्ट भएको थियो। घटनापछि स्थानीयवासी तथा विभिन्न व्यक्तिहरूको सहयोगमा पीडित परिवारलाई राहत उपलब्ध गराइएको हो।



आगलागीपछि घरसँगै सम्पूर्ण धनमाल नष्ट भएका कारण पीडित परिवारलाई तत्काल आवश्यक दैनिक उपभोग्य सामग्री तथा लत्ताकपडाको सहयोग गरिएको जनाइएको छ। राहतस्वरूप चामल, दाल, तेल, आलु, प्याज, चिनी, नुहाउने साबुन, कपडा धुने साबुन, सर्फ, नुन, झुल, तन्ना, डस्ना, ब्ल्याङ्केट, चप्पल, छाता र पाइन्टलगायत सामग्री वितरण गरिएको हो।

पीडित परिवारलाई सहयोग गर्नेहरूमा लिल बहादुर थापा, रामेश्वर शाह, प्रदीप जयसवाल, समसाद आलम, दिलिप पटेल, सुजित दास, सन्दीप पटेल, रबि क्याल, आकाश काफ्रिया, रोशन गुप्ता, साबिर हुसेन, शनि गुप्ता, युवराज पटेल, सुरेन्द्र सराफ, प्रदीप पटेल, महमुदिन आलम, शनि साह कानु, शत्रोधन साह र राजकुमार साहलगायत रहेका छन्।

स्थानीयवासीका अनुसार आगलागीका कारण तीनै परिवारको सम्पूर्ण सम्पत्ति नष्ट भएको थियो। सहयोगदाताहरूले मानवीय भावनासहित राहत सामग्री उपलब्ध गराउँदै पीडित परिवारलाई केही राहत पुगेको बताएका छन्।

# नेकपा मनोज चौधरीलाई धरौटीमा रिहा गर्न उच्च अदालतको आदेश

***२४ बैशाख, वीरगञ्ज ।***

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जले नेपाली कम्युनिष्ट पार्टी ( नेकपा)का केन्द्रीय सदस्य मनोज चौधरी लाई धरौटीमा रिहा गर्न आदेश दिएको छ। विष्फोटक पदार्थ तथा निर्वाचनसम्बन्धी कसुर मुद्दामा पुर्पक्षका लागि वीरगञ्ज कारागारमा रहेका चौधरीलाई अदालतले दुई लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो।



उच्च अदालतको इजलास नम्बर १ मा न्यायाधीश गोकर्ण डाँगी र दुर्गा प्रसाद ढुंगेल को संयुक्त इजलासले जिल्ला अदालत पर्साको आदेश बदर गर्दै चौधरीलाई धरौटीमा छाड्न आदेश दिएको हो। उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका सूचना अधिकारी ध्रुव सुबेदी ले अदालतले चौधरीसँग दुई लाख ५० हजार रुपैयाँ धरौटी माग गर्ने आदेश दिएको जानकारी दिए।

यस्तै, सोही मुद्दाका अन्य प्रतिवादी सत्यनारायण दास थारु र सुरज कार्की को हकमा भने जिल्ला अदालत पर्साकै आदेश सदर गरिएको अदालत स्रोतले जनाएको छ।

चौधरीको पक्षबाट अधिवक्ता रामचन्द्र सिंह र सुधिर कुमार कर्ण ले बहस गरेका थिए भने सरकारका तर्फबाट उपन्यायाधिवक्ता बुधिलाल श्रेष्ठ ले बहस गरेका थिए।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पर्सा क्षेत्र नम्बर २ बाट नेकपाका उम्मेदवार रहेका चौधरीलाई पर्सा जिल्ला प्रहरी कार्यालयले निर्वाचनभन्दा दुई दिनअघि पक्राउ गरेको थियो। उनी सवार गाडीबाट विष्फोटक पदार्थजस्तो देखिने शंकास्पद वस्तु फेला परेको आरोपमा चौधरीसहित चार जनालाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

यसअघि जिल्ला अदालत पर्साले चैत १२ गते चौधरीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो भने अन्य तीन जनालाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो। जिल्ला अदालतको आदेशविरुद्ध चौधरी पक्ष उच्च अदालत पुगेको थियो।

उनीसँगै पक्राउ परेका सहाब आलम अन्सारी लगायत अन्य प्रतिवादीलाई भने यसअघि नै जिल्ला अदालतले धरौटीमा रिहा गर्न आदेश दिएको थियो।

# डा. मनोजकुमार शर्मा सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा सिफारिस

***२४ बैशाख, काठमाडौं ।***

सर्वोच्च अदालतको नयाँ प्रधानन्यायाधीशका रूपमा डा. मनोजकुमार शर्माको नाम सिफारिस गरिएको छ। प्रधानमन्त्री वालेन्द्र शाहको आह्वानमा बिहीबार बसेको संवैधानिक परिषद्को बैठकले बहुमतका आधारमा शर्मालाई सिफारिस गर्ने निर्णय गरेको हो।



बैठकमा सर्वोच्च अदालतकी वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ललाई पछि पार्दै वरीयताको चौथो स्थानमा रहेका डा. शर्माको नाम अघि सारिएको हो। परिषद्को निर्णयपछि उनी सर्वोच्च अदालतको नेतृत्वमा पुग्ने प्रक्रिया अगाडि बढेको छ।

प्रधानमन्त्री शाहले अपरान्ह ५ बजेका लागि संवैधानिक परिषद्को बैठक बोलाएका थिए। बैठकमा परिषद्का सदस्यहरूबीच मतभेद देखिए पनि अन्ततः तीन जनाको बहुमतले शर्माको नाम सिफारिस गरेको जनाइएको छ।

बैठकमा राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल र प्रमुख प्रतिपक्षी दलका नेता भीष्मराज आङ्देम्बेले असहमति जनाए पनि निर्णय बहुमतबाट पारित भएको हो। अब संवैधानिक प्रक्रिया अनुसार शर्माको नियुक्ति अघि बढाइनेछ।

# एमआरपी विवादमा सरकारको लचकता, भन्सारमै लेबल टाँस्ने व्यवस्था तत्काल स्थगित

२४ बैशाख, काठमाडौं ।

विदेशबाट आयात हुने वस्तुमा भन्सार बिन्दुमै अधिकतम खुद्रा मूल्य (एमआरपी) लेबल अनिवार्य टाँस्नुपर्ने सरकारी व्यवस्था तत्कालका लागि खुकुलो बनाइएको छ। उद्योगी-व्यवसायीको तीव्र विरोध र भन्सार जाँचपासमा देखिएको अवरोधपछि सरकारले सहजीकरण गर्दै 'एमआरपी स्वघोषणा'का आधारमा सामान जाँचपास गर्न दिने निर्णय गरेको हो।

एमआरपी कार्यान्वयनलाई लिएर व्यवसायी र सरकारबीच केही सातादेखि तनाव बढ्दै गएको थियो। व्यवसायीहरूले भन्सार नाकामै लेबल टाँस्ने व्यवस्था व्यवहारिक नभएको भन्दै विरोध जनाउँदै आएका थिए। त्यसपछि अर्थ मन्त्रालय, उद्योग-वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा वाणिज्य विभागबीच भएको छलफलपछि सरकारले तत्कालका लागि लचक नीति अपनाएको हो।


भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारी का अनुसार अब आयातकर्ताले सामानको विवरणसहित एमआरपी स्वघोषणा गरेपछि मात्रै जाँचपास प्रक्रिया अघि बढ्नेछ। विभागले देशभरका भन्सार कार्यालयलाई यस सम्बन्धी निर्देशनसमेत पठाइसकेको जनाएको छ।

नयाँ व्यवस्थाअनुसार आयातकर्ताले सामानको नाम, ब्रान्ड, मोडेल, परिमाण, खरिद मूल्य र घोषित खुद्रा मूल्य उल्लेख गरिएको प्रतिबद्धता पत्र बुझाउनुपर्नेछ। साथै कम्पनीको नाम, छाप र आधिकारिक हस्ताक्षर अनिवार्य गरिनेछ। प्रक्रिया पूरा भएपछि मात्रै सामान छुट्ने व्यवस्था लागू गरिएको विभागले जनाएको छ।

सरकारले उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार एमआरपी कार्यान्वयनमा कडाइ गर्न थालेपछि व्यवसायीहरूले नेपालमा आवश्यक पूर्वाधार अभावका कारण तत्काल यस्तो व्यवस्था लागू गर्न कठिन हुने बताएका थिए। नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश अग्रवाल ले नेपालजस्तो मुलुकमा भन्सार बिन्दुमै एमआरपी टाँस्ने व्यवस्था व्यवहारिक नभएको बताउँदै आएका छन्।

उपभोक्ता संरक्षण ऐनअनुसार उत्पादन वा आयात गरिने वस्तुमा उत्पादक तथा पैठारीकर्ताको नाम, ठेगाना, उत्पादन मिति, तौल, गुणस्तर, अधिकतम बिक्री मूल्य, ब्याच नम्बर तथा उपभोग्य अवधि खुलाउनुपर्ने कानुनी व्यवस्था छ। सरकारले यही प्रावधानलाई कडाइका साथ लागू गर्न खोजेपछि व्यवसायीहरू असन्तुष्ट बनेका थिए। सरकारले तत्कालका लागि स्वघोषणाको आधारमा जाँचपास खुला गरे पनि बजारमा बिक्री वितरण गर्नुअघि भने एमआरपी लेबल अनिवार्य रूपमा टाँस्नुपर्ने व्यवस्था यथावत राखिएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरू




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।



तातो हावा वा लू बाट बच्ने उपायहरू



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।